# लक्षित वर्गका लागि प्राप्त छात्रवृत्तिको व्यवस्थापन र शैक्षिक उपलब्धिमा प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा
व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोश्रो वर्षको
आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

**शोधपत्र**


शोधकर्ता

**पार्वती कंडेल**

त्रि.वि.दर्ता नं : १४६६४-९२

परीक्षा रोल नं : २४०००३१/२०६५

त्रिभुवन विश्वविद्यालय शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन


**चैत्र, २०६७**

# प्राक्थन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि “लक्षित वर्गका लागि प्राप्त छात्रवृत्तिको व्यवस्थापन र शैक्षिक उपलब्धिमा प्रभाव” शिर्षकमा यो शोधपत्र तयार पारिएको हो ।

प्रस्तुत शोधपत्र तयारीका क्रममा आफ्नो अमूल्य सहयोग तथा सुझाव सल्लाह प्रदान गर्नु हुने यसै विभागका विभागीय प्रमुख उप-प्रध्यापक कुवेरनाथ शर्माज्यू प्रति आभार प्रकट गर्दछु । यस शोध कार्यलाई सफल बनाउनका लागि शोधपत्रको आवश्यक खाका तयारी गर्नेदेखि लिएर अन्य सल्लाह सुझाव तथा मार्गदर्शन गर्नु हुने शोध निर्देशक सहायक प्रा. जयकृष्ण शर्माज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यस्तै शोधपत्र तयारीकै क्रममा आवश्यक सामग्रीहरू उपलब्ध गराएर शैक्षिक नीति नियमका बारेमा आवश्यक जानकारी गराई सल्लाह सुझाब र प्रेरणा प्रदान गरी अगाडि बढ्न मार्गनिर्देशन गर्नुहुने शिक्षा कार्यालयका शा.अ.गोपाल प्रसाद कंडेलज्यू प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यस शोधपत्रको सन्दर्भग्रन्थ सूचीमा लेखिएका कृतिका लेखक सम्पादक र प्रकाशकहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

शोधकार्यको सिलसिलामा आवश्यक सूचना, तथ्याङ्क तथा सुझाबहरू उपलब्ध गराई सहयोग गर्नुहुने सम्बन्धित विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, अभिभावकहरू, विद्यार्थीहरु, विद्यालय निरिक्षक, स्रोत व्यक्ति, शाखा अधिकृत तथा सम्बन्धित सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु । प्रारम्भिक शिक्षाको अध्ययन सुरुदेखि स्नातकोत्तर तहको शोधपत्र तयार गर्ने समयसम्म आर्थिक एवम् अन्य अभावहरूलाई पूर्ती गर्दै अगाडि बढ्न हौसला प्रदान गर्नु हुने आदरणीय वुवा श्री हरिप्रसाद कंडेल र आमा श्री तुलसी कंडेलको योगदानलाई कदर गर्दै धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यो शोधपत्र कम्प्युटर टाइप गरी तयार गर्न सहयोग पुऱ्याउने विजय विकास स्रोत केन्द्र गैंडाकोटकी कम्प्युटर अपरेटर सुश्री लक्ष्मी अधिकारी र शोधपत्रको खाकामा राखी व्यान्डिङ्ग गरी अन्तिम रूप प्रदान गर्नुहुने न्यू सौरभ फोटो स्टुडियो एण्ड कम्युनिकेशनलाई धन्यवाद दिन चाहन्छु ।

मिति : २०६७, चैत्र पार्वती कंडेल

# शोधसार

सबैका लागि शिक्षाको अन्तराष्ट्रिय अभियानलाई सार्थक बनाउने कार्यक्रम छात्रवृत्ति कार्यक्रम हो । यस्तो छात्रवृत्ति कार्यक्रमले विशेषत प्राथमिक तहलाई नै प्राथमिकतामा राखेको छ त्यसैले यहाँ "लक्षित वर्गका लागि प्राप्त छात्रवृत्तिको व्यवस्थापन र शैक्षिक उपलब्धिमा प्रभाव" शिर्षकमा यो शोधपत्र तयार गरिएको छ । यसको मुख्य उद्देश्य लक्षित वर्गका लागि प्राप्त छात्रवृत्ति व्यवस्थापन र शैक्षिक उपलब्धिमा प्रभाव रहेको छ ।

अध्ययनमा तथ्याङ्कहरू सङ्कलनका साथै शोधपत्रलाई पूर्णता प्रदान गर्नको लागि दुई प्रकारका साधनहरू प्राथमिक र द्वितीय लाई अवलम्बन गरी प्राथमिक तथ्याङ्क अन्तर्गत अन्तरवार्ता प्रश्नावली, प्रश्नावली, विद्यालय सर्वेक्षण फाराम, छलफल अवलोकनलाई लिइएको छ भने द्वितीय तथ्याङ्क अन्तर्गत यसै विषयसँग सम्बन्धित रहेर प्रकाशन भएका लेख, रचना, प्रतिवेदन, पुस्तक, पत्रपत्रिका, कार्यान्वय निर्देशिका र नियमावली एवम् इन्टरनेट लिइएको छ ।

शोधकार्यबाट  प्राप्त नतिजा अनुसार छात्रवृत्तिको व्यवस्थापकीय पक्षमा कार्यक्रम निर्देशिका अनुसार कार्यालयको निर्देशन बमोजिम लक्षित छात्र/छात्रा छनौट गरी प्राप्त छात्रवृत्ति रकमलाई दामासाही हिसाबले वितरण गरेको पाइयो । एक हिसाबले छात्रवृत्ति पाउनबाट लक्षित वर्ग वञ्चित छैनन् तर पूर्ण रूपमा तोकिएको रकम भने प्राप्त गर्न सकेका छैनन् । छात्रवृत्ति कार्यक्रम लक्षित बालबालिकाहरूका निम्ति विद्यालयमा भर्ना पहुँच बढाउन सकृय माध्यम बनेको छ । तर पनि न्यून मात्रामा प्राप्त हुने छात्रवृत्ति रकमले लक्षित तथा विपन्न वर्गलाई पूर्ण रूपमा अझै प्रभाव पार्न नसकेको पाइयो ।

छात्रवृत्ति कार्यक्रम सञ्चालन निर्देशिकालाई पालना गर्दै अन्य स्थानीय दाताहरूको खोजी गरी अभिभावकलाई सचेत बनाएर अगाडि बढ्न सकेको खण्डमा छात्रवृत्तिको प्रभाव सकारात्मक पर्न जाने सम्भावना देखिएको छ । लक्षित वर्ग भित्र पर्ने बालबालिकाहरू मध्ये पनि गरिब जेहेन्दार, विद्यार्थीलाई वितरण गर्दा प्रभावकारी हुने देखिन्छ । विद्यालयहरूले नियमित कार्यालयबाट आउने छात्रवृत्तिको साथसाथै अन्य छात्रवृत्ति दाताहरूको खोजी गरी छुट्टै छात्रवृत्ति कोष खडा गरी जेहेन्दार र गरिब छात्रवृत्ति वितरण गर्न र गरिसकेपछि उपलब्धिको समिक्षा गर्नुका साथै सम्बन्धित निकायले निगरानी गर्ने गरेमा अरु प्रभावकारी हुने देखिन्छ । समयमा निकासा प्राप्त भएको खण्डमा छात्रवृत्ति कार्यक्रम अझ प्रभावकारी हुने देखिन्छ ।

दलित वा गैरदलितबाट वास्तविक गरिब पहिचान गर्न सक्ने सूचक तयार गरी लक्षित समूह तय गर्नु पर्ने, एक शैक्षिक सत्रमा अध्ययनका लागि पुग्ने गरी छात्रवृत्ति रकम उपलब्ध गराउनु पर्ने, शैक्षिक गुणस्तरमा समानता ल्याउन र सरकारी विद्यालय गरिब र दलितको मात्र हो भन्ने धारणा हटाउन सामुदायिक र नीजि विद्यालयमा अध्ययन गराउने पाठ्यक्रम एउटै हुनु पर्ने, निकासा समयमा गर्नुपर्ने, छात्रवृत्ति वितरणमा अनुगमनको व्यवस्था गर्नुपर्ने, वितरण पछि विद्यालयमा परेको प्रभावका बारेमा समीक्षा गर्नुपर्ने, विद्यालयलाई राजनीति गर्ने पूर्वाधारको रूपमा हेर्न नहुने जस्ता तथ्यहरूलाई सुझाब स्वरूप प्रस्तुत गरिएको छ ।

# विषय सूची


| | |
|---|---|
| **सिफारिश-पत्र** | **I** |
| **स्वीकृति पत्र** | **II** |
| **प्राक्थन** | **III** |
| **शोधसार** | **IV** |
| **विषय सूची** | **VI** |
| **तालिकाहरूको सूची** | **VIII** |
| **सङ्क्षिप्त शब्दावली** | **IX** |

**परिच्छेद एक**

| | |
|---|---|
| **परिचय** | **१-१३** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ८ |
| १.३ अध्ययनको औचित्य | १० |
| १.४ अध्ययनको उद्देश्य | ११ |
| १.५ शोध प्रश्न | १२ |
| १.६ अध्ययनको परिसीमा | १२ |

**परिच्छेद दुई**

| | |
|---|---|
| **सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | **१४-२२** |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १४ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | २० |
| २.३ शैक्षिक उपादेयता | २२ |

**परिच्छेद तीन**

| | |
|---|---|
| **अध्ययन विधि** | **२३-२५** |
| ३.१ अनुसन्धानात्मक ढाँचा | २३ |
| ३.२ जनसंख्या र नमूना छनौट | २३ |
| ३.३ अध्ययन साधन निर्माण | २४ |
| ३.४ तथ्याङ्क स्रोत र प्रकृति | २४ |
| ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया | २५ |
| ३.६ तथ्याङ्कको व्याख्या तथा विश्लेषण | २५ |

## परिच्छेद चार
## तथ्याङ्कको व्याख्या तथा विश्लेषण २६-५४


४.१ लक्षित वर्गका लागि प्राप्त छात्रवृत्ति व्यवस्थापन २६-३५
४.१.१ विद्यालयले वितरण गर्ने छात्रवृत्ति छनौटका आधारहरू २६
४.१.२ छात्रवृत्ति वितरणका लागि लक्षित विद्यार्थी छनौट गर्ने ढाँचा २८
४.१.३ छात्रवृत्ति कार्य सञ्चालन निर्देशिका सम्बन्धि धारणा २९
४.१.४ छात्रवृत्ति रकमको पर्याप्तता ३०
४.१.५ शिक्षा कार्यालयले अपनाएका नीति ३२
४.१.६ छात्रवृत्तिको प्रभावकारी व्यवस्थापनका लागि व्यवस्थापन प्रकृया ३३
४.१.७ लक्षित समूहले प्राप्त गर्ने छात्रवृत्तिको सुनिश्चितता ३४
४.१.८ छात्रवृत्ति कार्यक्रमका सबल पक्षहरू ३५

४.२ छात्रवृत्तिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव ३६-४६
४.२.१ विद्यालय सेवा क्षेत्रमा प्रा.वि.तहका बालबालिकाको सहजै देखिने भर्नादर ३६
४.२.२ विद्यालय सेवा क्षेत्रमा बालबालिकाहरूको खुद भर्नादर ३८
४.२.३ विद्यार्थी नियमितता ४१
४.२.४ विद्यार्थीको कक्षोत्तिर्ण अवस्था ४३
४.२.५ विद्यार्थीहरूको कक्षा छाड्ने अवस्था ४४
४.२.६ बालबालिकाहरूको सिकाई उपलब्धिको स्थिति ४६

४.३ छात्रवृत्ति व्यवस्थापनमा देखिएका समस्याहरू ४७-५२

४.४ छात्रवृत्ति वितरण व्यवस्थापनमा देखिएका समस्या निराकरणका उपाय ५२-५४
४.४.१ छात्रवृत्ति समस्या समाधानको लागि विद्यालकोतर्फबाट गर्नु पर्ने उपाय ५४
४.४.२ बालबालिकालाई विद्यालयमा आकर्षित गरी थप प्रभावकारी बनाउने उपाय ५४


## परिच्छेद पाँच
## प्राप्ति, निष्कर्ष र सुझाबहरु ५६-६३


५.१ प्राप्ति ५६
५.२ निष्कर्ष ५९
५.३ सुझाबहरू ६०

**सन्दर्भगन्थ सूची**
**अनुसूचीहरू**

# तालिका सूची

पेज नं.


| | | |
|---|---|---|
| तालिका १ | विद्यालयले वितरण गर्ने छात्रवृत्ति छनौटका आधारहरू | २७ |
| तालिका २ | लक्षित विद्यार्थी छनौट गर्ने ढाँचा | २८ |
| तालिका ३ | छात्रवृत्ति कार्यान्वयन निर्देशिका सम्बन्धी धारणा | ३० |
| तालिका ४ | छात्रवृत्ति रकमको पर्याप्तता | ३१ |
| तालिका ५ | शिक्षा कार्यालयले अपनाएका नीति | ३२ |
| तालिका ६ | छात्रवृत्तिको प्रभावकारी व्यवस्थापनका लागि व्यवस्थापन प्रकृया | ३३ |
| तालिका ७ | विद्यालय सेवा क्षेत्रमा प्रा.वि. तहका बालबालिकाको सहजैदेखिने भर्नादर | ३७ |
| तालिका ८ | विद्यालय सेवा क्षेत्रमा प्रा.वि. तहका बालबालिकाको खुद भर्नादर | ३९ |
| तालिका ९ | बालबालिकाको नियमितताको अवस्था | ४१ |
| तालिका १० | विद्यार्थीको कक्षोत्तिर्ण अवस्था | ४३ |
| तालिका ११ | विद्यार्थीको कक्षा छाड्ने अवस्था | ४४ |
| तालिका १२ | बालबालिकाहरूको सिकाई उपलब्धिको स्थिति | ४६ |

# सङ्क्षिप्त शब्दावली

| | | |
|---|---|---|
| **EFAP** | **-** | **Education For All Programs** |
| **SESP** | **-** | **Secondary Education Support Program** |
| **TEP** | **-** | **Teacher Education Project** |
| **PEPFP** | **-** | **Primary Education Physical Facility Program** |
| **HESP** | **-** | **Higher Education Second Project** |
| **FEP** | **-** | **Food For Education Program** |
| **CSSP** | **-** | **Community School Support Project** |
| **RP** | **-** | **Resource Person** |
| **SIP** | **-** | **School Improvement Plan** |
| **EFA** | **-** | **Education For All** |
| **NER** | **-** | **Net Enrollment Rate** |
| **GER** | **-** | **Gross Enrollment Rate** |
| **FGD** | **-** | **Focus Group Discussion** |
| **HIV** | **-** | **Human Immuno Deficiency Virus** |
| **AIDS** | **-** | **Acquired Immune-deficiency Syndrome** |
| **CERID** | **–** | **Centre For Educational Research and Innovational Development** |